# भोजपुर जिल्ला अदालत

## भोजपुर

फोन नं. ०२९-४२०१९५
Email:info.dcbhojpur@supremecourt.gov.np
Website : supremecourt.gov.np

पत्र संख्याः ०८०/०८१
चलानी नं. :१५६८

कोशी प्रदेश, नेपाल
मिति २०८०/१२/०१

(फाँट प्रसाशन)

श्री जिल्ला प्रशासन कार्यालय,
भोजपुर।

बिषयः- सुचना टाँस गरी सो को जानकारी पठाइदिने बारे।

उपरोक्त सम्बन्धमा यस अदालतबाट नेपाल कानुन व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५५ को नियम ३ बमोजिम २१ दिने सुचना प्रकाशन भएको हुदा सो सुचना यसै पत्र साथ पठाइएको छ, साथै प्राप्त भएपश्चात तहाँ कार्यालयको सुचना पाटिमा टाँस गरि सो को जानकारी यस अदालतमा पठाइदिनु हुन अनुरोध छ।

घिमिरे
२०८०/१२/०१
.............................
मोहन घिमिरे
स्रेस्तेदार /उपसचिव

स्रेस्तेदार
उपसचिव

**बोधार्थ**
**श्री मालपोत कार्यालय भोजपुरः- यसै बमोजिमको सुचना टाँस गरीदिनु हुन।।**
**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय भोजपुरः- यसै बमोजिमको सुचना टाँस गरीदिनु हुन।**
**श्री सबै स्थानिय तहहरुः- यसै बमोजिमको सुचना टाँस गरीदिनु हुन।**

# भोजपुर जिल्ला अदालत
## भोजपुर

फोन नं : ०२९-४२०१९५
Email : info.dcbhojpur@supremecourt.gov.np
http://supremecourt.gov.np/court/bhojpurdc


मिति२०८०/१२/०१

सूचना । सूचना ।। सूचना ।।

विषयः- लेखापढी व्यवसायी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा ।

नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५५ को नियम ३ बमोजिम योग्यता पुगी १८ वर्ष नाघेका इच्छुक नेपाली नागरिकले सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र देहायको शर्तको अधिनमा रही दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

<u>देहाय</u>

१. नियमावलीको अनुसुची १ को ढाँचामा यस अदालतको प्रशासन शाखामा दरखास्त दिनुपर्ने छ।

२. दरखास्तसाथ एक प्रति पासपोर्ट साइजको हालसालै खिचिएको फोटो, न्युनतम दश कक्षा वा सो सरह उतिर्ण गरेको शैक्षिक योग्यता र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

३. रु.१००/- राजस्व बुझाउनुपर्ने छ।

४. स्वीकृत दरखास्त मध्ये उम्मेदवार छनौट गर्न लिखित परीक्षा सञ्चालन गरिने छ।

५. लिखित परीक्षाको मिति, समय र स्थान तथा स्वीकृत नामावली पछि प्रकाशित गरिने छ।

६. लिखित परीक्षामा समावेश गरिने विषयहरुः

   → राजिनामा अंशवण्डा, वकसपत्र लगायतका मालपोत कार्यालयमा पारित हुने लिखत,
   → अदालतमा प्रयोग हुने तारेख थाम्ने, साक्षी हाजिर गराउने वारेसनामा लगायत लिखत निवेदनहरु
   → अर्धन्यायिक निकाय, स्थानीय तहको न्यायिक समितिमा दर्ता गरिने सामान्य निवेदनहरु,
   → तमसुक, भरपाई बैनापत्र जस्ता सामान्य घरायसी कागजहरु,
   → लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१.
   → मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्बन्धी सामान्य जानकारी,

७. दरखास्त दिन आउँदा सक्कल प्रमाणपत्रहरु लिई आउनुपर्ने छ ।

८. अन्य थप जानकारीका लागि ०२९-४२०१९५ मा सम्पर्क राख्न सकिने छ । सुचनाहरु https://supremecourt.gov.np/court/bhojpurdc मा समेत प्रकाशित गरिने छ ।

२०८०।१२।०१

मोहन घिमिरे
स्रेस्तेदार/उपसचिव